**27 December, 2025**

आकाशवाणी

मुख्य समाचार

1. प्रधामन्त्रीले मुख्य सचविहरूको पाँचौँ राष्ट्रिय सम्मेलनको अध्यक्षता गर्नुहुने

2.राष्ट्रपति मुर्मु पनडुब्बी यात्रा गर्ने दोस्रो राष्ट्रपति बन्नुहुँदै

3.बङ्गलादेशमा अल्पसङ्ख्यहरूको विरूद्धमा जारी हिंसाप्रति भारतले गर्यो चिन्ता व्यक्त

4.पश्चिम बङ्गालमा शुरु भयो एसआईआर-को जनसुनवाई

अनि

5.जाड़ोको मौसममा ठूलो सङ्ख्यामा पर्यटकहरू सिक्किम भित्रिन्दै

---------------

१. प्रधानमंत्री-मुख्य सचिव

प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीमा मुख्य सचिवहरूको पाँचौँ राष्ट्रिय सम्मेलनको अध्यक्षता गर्नुहुनेछ। उहाँले पनि भोलि सम्मेलनको अध्यक्षता गर्नुहुनेछ। शुक्रबारदेखि शुरु भएको तीन दिवसीय यस सम्मेलनको उद्देश्य राष्ट्रिय विकास प्राथमिकताहरूमा निरन्तर बातचीतको माध्यमबाट केन्द्र र राज्यहरूमाझको साझेदारीलाई बढाउनु हो। प्रधानमन्त्रीको सहकारी संघवादको दृष्टिकोणमा आधारित यस सम्मेलनले केन्द्र र राज्यलाई एउटै मञ्चमा लिएर देशको मानव पूञ्जी क्षमता र समावेशितालाई बढाउन तथा भविष्यमा विकासको गति तीव्र गर्नका लागि एकीकृत मार्गचित्र तयार पार्नेछ।

सम्मेलनले विकसित भारतका लागि मावन पूञ्जी- विषयमाथि ध्यान केन्द्रित गर्नेछ, जसमा राज्य अनि केन्द्र शासित प्रदेशहरूका लागि सबैभन्दा राम्रा प्रथा र रणनीतिहरूलाई समावेश गरिनेछ। यस अवसरमा बाल्यावस्था, विद्यालय अनि उच्च शिक्षा तथा विकास, खेल र पाठ्येत्तर गतिविधीहरूजस्ता पाँचवटा प्रमुख क्षेत्रहरूको विस्तारबारे चर्चा गरिनेछ।

यस सम्मेलनमा सम्पूर्ण राज्य र केन्द्रशासित प्रदेशहरूका मुख्य सचिवहरू, वरिष्ठ अधिकारीहरूसहित क्षेत्र विशेषज्ञहरूले पनि भाग लिनेछन्।

२. राष्ट्रपति मुर्मु पनडुब्बी यात्रा गर्ने दोस्रो राष्ट्रपति बन्नुहुँदै

राष्ट्रपति द्रौपदी मुर्मुले भोलि उत्तर कर्नाटकको कारवारमा रहेको आईएनएस कदम्बा नौसेना बेसको भ्रमण गर्नुहुनेछ। उहाँले गोवाबाट कारवार नौसेना बेसमा उडान गर्नुहुनेछ, जहाँ कर्नाटकका राज्यपाल थावरचन्द गहलोत र राज्यमन्त्रीहरूले उहाँलाई स्वागत गर्नुहुनेछ।

बेस भ्रमणपछि, राष्ट्रपतिले कारवार बन्दरगाहबाट पनडुब्बीमा चढेर उडान गर्नुहुनेछ। उहाँ २००६ मा विशाखापट्टनममा नौसेना पनडुब्बीमा सवार पूर्व राष्ट्रपति एपीजे अब्दुल कलाम पछि पनडुब्बी यात्रा गर्ने दोस्रो राष्ट्रपति बन्नुहुनेछ।

राष्ट्रपतिको भ्रमण र पनडुब्बी उडानलाई ध्यानमा राख्दै, स्थानीय अधिकारीहरूले सुरक्षा उपायहरू लागू गरेका छन्। उनीहरूले कारवारदेखि मजलीसम्मको तटवर्ती क्षेत्रको १८ किलोमिटर खण्डमा माछा मार्ने गतिविधिहरूमाथि प्रतिबन्ध लगाएका छन्।

३. राष्ट्रपति-प्रधानमन्त्री गुरू गोबिंद

राष्ट्रपति द्रुपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले दसौँ सिख गुरु श्री गोबिन्द सिंहका प्रकाश उत्सवमा शुभकामना दिनुभयो। सोशल मीडिय पस्टमा राष्ट्रपतिले भन्नुभयो, गुरु गोबिंद सिंहले अदम्य साहस र असाधारण बुद्धिमताबाट मानिसहरूलाई धार्मिक जीवन जिउने प्रेरणा दिन्छ।

प्रधान्मन्त्रीले श्री गुरु गोबिन्द सिंहको जन्मस्थान, तख्त श्री हरिमन्दिर पटना साहिबको यस वर्षको यात्राको तस्वीहरू साझा गर्नुभयो। श्री मोदी भन्नुभयो, श्री गुरु गोविन्द सिंह साहस, करुणा र त्यागका प्रतीक हुनुहुन्छ। उन्हाँले भन्नुभयो, दसौँ सिख गुरुको जीवन र शिक्षाहरू मानिसहरूलाई सत्य, न्याय, धर्म र मानवीय गरिमाका लागि प्रेरित गर्दछ। प्रधानमंत्रीले श्री गुरु गोबिनृद सिंहको सेवा र निस्वार्थ कर्तव्यको दृष्टिकोणले पीढ़िहरूलाई मार्गदर्शन दिएको छ।

४. प्रधानमन्त्री मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान एघार बजी आकाशवाणीबाट मन की बात कार्यक्रममा आफ्नो विचार साझा गर्नुहुनेछ। यो मासिक रेडिया कार्यक्रमको एकसय उन्तीसौँ श्रृङ्खला हुनेछ। कार्यक्रमलाई आकाशवाणी अनि दूर्दर्शनका सम्पूर्ण नेटवर्कमा प्रसारण गरिनेछ। आकाशवाणीबाट हिन्दी प्रसारणको लगत्तैपछि कार्यक्रमलाई क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गरिनेछ।

५. बङ्गलादेशमा अल्पसङ्ख्यहरूको विरूद्धमा जारी हिंसाप्रति भारतले गर्यो चिन्ता व्यक्त

भारतले बङ्लादेशमा अल्पसङ्ख्यहरूको विरूद्ध जारी हिंसाबारे गम्भीर चिन्ता व्यक्त गरेको छ। विदेश मन्त्रीलयका प्रवक्त रणधीर जायसवालले मीडियालाई भन्नुभयो-

श्री जायसवालले भारत बङ्गलादेशमा स्वतन्त्र, निष्पक्ष, समावेशी र सहभागी चुनाउलाई समर्थन जनाउँदछ, भन्नुभयो।

उल्लेख्य आगामी बाह्र फरवरीमा बङ्लादेशमा संसदीय चुनाउ हुनेछ।

६. पश्चिम बंगाल-एसआईआर

पश्चिम बङ्गालमा मतदाता सूचीको विशेष गहन समीक्षा (एसआईआर) को  सुनवाई चरण आजदेखि शुरू भएको छ। यसका लागि  राज्यभरि तीन हजार दुईसय चौतिस सुनवाई केन्द्रहरू बनाइएका छन्। पहिलो चरणमा लगभग बत्तीस लाख मतदाताहरूलाई सुनवाईका लागि बोलाइएको छ। यी मतदाताहरूको नाम दुईहजार दुईको मतदाता सूचीसित नमिल्दा बोलाइएका हुन्। मतदाताहरूले आधार कार्डसहित बाह्रा मान्यताप्राप्त दस्तावेजहरू जम्मा गर्न सक्नेछन्।

राज्यका मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवालले सुनवाईको सम्पूर्ण तयारी भएको बताउनु भयो। सुनवाई साड़ेचार हजारभन्दा धेरै पर्यवेक्षकहरूको निगरानीमा हुने तथा ईआरओ, बीएलओ र पर्यवेक्षहरूसहित अन्य अधिकृत कर्मचारीबाहेक अन्य कसैलाई पनि सुनवाई केनद्रभित्र जान अनुमति छैन। सुनवाई अवधिमा प्रत्येक केन्द्रमा फोटो दस्तावेजीकरण गर्नेछ, भन्नुभयो।

७. राष्ट्रीय उपभोक्ता हेल्पलाइन

राष्ट्रीय उपभोक्ता हेल्पलाइन द्वारा आजसम्म एकत्तीस क्षेत्रहरूमा पैत्तालीस करोड़ रूपियाँ राशी फिर्ता लिन सफलता प्राप्त भएको छ। उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरण मन्त्रालयले बताएको छ, यस पहलअन्तर्गत अघिल्ला आठ महिनामा सरसठ हजारभन्दा ज्यादा गुनासोहरूलाई सम्बोधन गरेको थियो। मन्त्रालयअनुसार, सबैभन्दा द्यादा उन्चालिस हजार भन्दा ज्यादा गुनासोहरू ई-कमर्स क्षेत्रमा गरिएको थियो, जसमा बत्तीस करोड़ रूपियाँ राशी फिर्ता गगिएको छ।

मन्त्रालयले भनेको छ, यस हेल्पलाइनका कारण उपभोक्ताहरूले कलहबाजीबाट बाच्न सहायता प्राप्त गर्नेछन्।

उपभोक्ता टोल-फ्री नम्बर **1915** मा फोन गरेर **17** वटा भाषाहरूमा गुनासोहरू दर्ता गर्नसक्नेछ।

८. दुर्लभ खनिज

भारतको समुन्द्री किनार र भित्रका प्रान्तहरूमा दुर्लभ खनिज पदार्थहरूको विशाल भण्डार छ। यी खनिज आन्द्राप्रदेश, ओडिसा, तामिनाडु, केरल, पश्चिम बङ्गाल, झारखण्ड, गुजरात र महाराष्ट्रका समुन्द्र किनार, बलुवा र लेदो माटोमा उपलब्ध हुन्छ। यस दुर्लभ खनिजहरूको निकास प्रयोजनमा सरकारले सिन्टर्ड रेयर अर्थ परमानेंट मैग्नेट-को विनिर्माण बढोत्तरी गर्नका लागि 7 हजार करोड़ रुपियाँ भन्दा ज्यादा धनराशी स्वीकृति दिएको छ।

९. जाड़ोको मौसममा ठूलो सङ्ख्यामा पर्यटकहरू सिक्किम भित्रिन्दै

हिँउदोको मौसममा पर्यटकहरू धेरै मात्रमा सिक्किम आइरहेका छन्। उत्तर सिक्किमको लाचुङका प्रायजसो होटलहरू बुक भइसकेका छन्। पूर्व सिक्किमको नाथुला अनि जलुकमा पनि पर्यटकहरूको घुइचो लागेको छ। बितेको वर्षको तुलनामा बाइक एडवेञ्चर टुरिजममा पनि उल्लेखनीय वृद्धि भएको देखिन्छ। अर्कोतिर राजधानी गान्तोक अनि पेलिङमा पनि होटल बुकिङ ह्वात्तै बड़ेको देखिन्छ।

१०. केरल-सबरीमाला

केरलको सबरीमाला श्रीधर्म सास्था मन्दिर -मा आज मण्डल पूजा सम्पन्न भयो। यो मण्डल पूजा महिनाको सबैभन्दा महत्वपूर्ण अनुष्ठान हो। आज राती **11** बजी मन्दिरको द्वार बन्द हुनका साथै विगत **41** दिनबाट जारी मण्डल पूजा सम्पन्न हुनेछ। व्रतको समय भगवान अयप्पालाई स्वर्ण वस्त्र लगाएर सीमित सङ्ख्या श्रद्धालुहरूले ने दर्शन गरे।

यो मन्दिर **30** दिसंबरको साँझ पाँच बजी, मकर विलाक्कु महिनाका लागि पुनः खोलिनेछ।

११. भारत र श्रीलङ्काबीच चौथौँ महिला टी-20 क्रिकेट मैच भोलि खेलिने

भारत र श्रीलङ्का बीच चौथौँ महिला टी-20 क्रिकेट मैच भोलि बेलुकी सात बजीदेखि तिरुवन्तम्पुरममा खेलिनेछ। भारतले तेस्रो टी-20 मैचमा श्रीलङ्कालाई आठ विकेटले पराजित गरेको थियो। पाँच मैचको श्रृङ्खलाहरूमा भारत तीन-शून्यले अघाडि छ।